# मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत मिति २०८०।११।३०

**प्रस्तावना :** लम्बिनी प्रदेश अन्तर्गत स्थानीय स्तरमा उपलब्ध श्रोत र साधनको अधिकतम उपयोग गर्दै ज्ञान, सीप, पूँजी, प्रविधि र बजारको संयोजनमा समुदाय परिचालन गरी सरकारी, निजी क्षेत्र, उत्पादनमूलक सहकारी र विकासका साझेदारसँगको सहकार्यमा आगामी दुई वर्ष भित्रमा दुई लाख रोजगारी सिर्जना गर्ने लक्ष्यसहित मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम सञ्चालनका लागि प्रदेश सुशासन ऐन, २०७६ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक र परिभाषा

१. **नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" रहनेछ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) "आयोजना" भन्नाले मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम अन्तर्गत स्थानीय स्तरमा संचालन गरीने निश्चित उदेश्य, समय, स्थान तोकिएको क्रियाकलापको समष्ठिगत रुप सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले मुख्यमन्त्री आर्थिक विकास कार्यक्रमलाई सम्झनु पर्छ ।

(ग) "कार्यविधि" भन्नाले मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० लाई सम्झनु पर्छ ।

(घ) "कार्यक्रम कार्यान्वयन इकाइ" भन्नाले लुम्बिनी प्रदेशका मन्त्रालय अन्तर्गतका परिषद्, प्रतिष्ठान, तालिम केन्द्र, डिभिजन वा जिल्ला कार्यालयलाई सम्झनु पर्छ ।

(ङ) "कार्यक्रम दस्तावेज" भन्नाले प्रदेश सरकारले स्वीकृत गरेको मुख्यमन्त्री आर्थिक विकास कार्यक्रमको कार्यक्रम दस्तावेजलाई सम्झनु पर्छ ।

(च) "कार्यक्रम सहजीकरण इकाइ" भन्नाले मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम संचालन गर्ने विषयगत मन्त्रालयमा रहेको कार्यक्रम सहजिकरण गर्ने इकाइलाई सम्झनु पर्छ।

(छ) "कार्यक्रम समन्वय इकाइ" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहने कार्यक्रम समन्वय गर्ने इकाइलाई सम्झनु पर्छ।

(ज) "निर्देशक समिति" भन्नाले दफा ८ बमोजिमको निर्देशक समितिलाई सम्झनु पर्छ ।

(झ) "प्रदेश योजना आयोग" भन्नाले लुम्बिनी प्रदेश योजना आयोग र सो को सचिवालयलाई समेत सम्झनु पर्छ ।

(ञ) "प्राविधिक समूह" भन्नाले विषयगत मन्त्रालय अन्तर्गत र सोका परिषद्, प्रतिष्ठान, तालिम केन्द्र, डिभिजन तथा जिल्ला कार्यालयमा रहने आयोजना सँग सम्वन्धित बिषयगत प्राविधिक जनशक्ति भन्ने सम्झनु पर्छ ।

(ट) "मन्त्रालय" भन्नाले प्रदेश सरकारका मन्त्रालय सम्झनु पर्छ ।

(ठ) "लक्षित समूह" भन्नाले दफा ५ मा उल्लिखित वर्गलाई सम्झनु पर्छ ।

(ड) "विकासका साझेदार संस्था" भन्नाले कार्यक्रम व्यवस्थापनका लागि प्रविधि र प्राविधिक, वित्तीय, वस्तुगत वा अन्य रुपमा साझेदारीमा कार्य गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासका साझेदार निकाय वा संस्थालाई सम्झनु पर्छ।

(ढ) "विज्ञ समूह" भन्नाले प्रदेश योजना आयोग वा तोकिएका निकायमा रहने कार्यक्रमसँग सम्वन्धित बिज्ञ सम्झनु पर्छ ।

(ण) "स्थानीय तह" भन्नाले लुम्बिनी प्रदेश अन्तर्गतका गाँउपालिका, नगरपालिका वा उपमहानगरपालिकालाई सम्झनु पर्छ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालनका उद्देश्य, कार्यक्षेत्र र लक्षित वर्ग

**३. कार्यक्रमको उद्देश्य:** यस कार्यक्रमका उद्देश्य देहायबमोजिम रहेका छन्:

(क) स्थानीय उत्पादनको प्रवर्धन र व्यवसायीकरणका लागि क्षमता विकास, प्रविधि, प्राविधिक सहायता, बजारीकरण एवं वित्तीय सहयोग मार्फत नया उद्यमी सिर्जना गर्ने तथा भैरहेका उद्यमीको स्तरोन्नति गरी उत्पादन र रोजगारी अभिवृद्धि गर्ने ।

(ख) कृषि, उद्योग, वन, पर्यटन तथा सेवाक्षेत्र लगायतमा रोजगारी वा स्व-रोजगारीका अवसर बढाउन सरकारी, निजी, सहकारी तथा गैर सरकारी क्षेत्र बीच समन्वय र सहकार्य गर्ने।

(ग) प्रदेशका नीति तथा कार्यक्रमलाई उत्पादन र उत्पादकत्व बृद्धितर्फ उन्मूख गराउन संस्थागत क्षमता बढाउने र अनुकुल वातावरण सृजना गर्ने।

४. **कार्यक्रमको कार्यक्षेत्र :**आर्थिक विकासको सम्भावना भएका लुम्बिनी प्रदेशका स्थानीय तहमा यो कार्यक्रम संचालन गरिनेछ ।

**५. कार्यक्रमको लक्षित वर्ग :** (१) कार्यक्रम अन्तर्गत लक्षित वर्गलाई प्राथमिक र द्धितीय लक्षित वर्गमा छुट्याइ कार्यक्रम संचालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमका प्राथमिक लक्षित वर्ग अन्तर्गत देहायका वर्गलाई समावेश गरिनेछ:

(क) गरीब घर परिवार परिचयपत्र प्राप्त व्यक्ति/परिवार र स्थानीय तहले पहिचान गरेका अति गरीब समुदाय ।

(ख) दलित, महिला तथा लैङ्गिक अल्पसंख्यक, आदिबासी, जनजाति, एकल तथा अपांगता भएका व्यक्ति ।

(ग) आर्थिक र सामाजिक दृष्टिले पछाडी परेका जाती: बादी, मुक्त कम्लरी, मुक्त कमैया, मुस्लिम, पत्थरकट्टा, नटुवा, पासी, चमार, हरिजन, रैदास, सोनाहा, माझि, गन्धर्व आदी।

(घ) विभिन्न आन्दोलनका शहिद, बेपत्ता र घाइते परिवार ।

(ङ) बैदेशिक रोजगार वाट फिर्ता भै स्वदेशमै केहि गर्न इच्छुक व्यक्ति |

(३) उपदफा (१) बमोजिमका द्धितीय लक्षित वर्ग अन्तर्गत देहाय बमोजिमका वर्गलाई समावेश गरिनेछ ।

(क) घरेलु तथा लघु उद्यम व्यवसायी।

(ख) उत्पादनमूलक, व्यवसायमूलक वा सेवामूलक सहकारी (वचत तथा ऋण सहकारी बाहेक)

(ग) परम्परागत सीप र प्रविधिमा आधारित उद्योग व्यवसायी ।

(घ) श्रममूलक, रैथाने/खास सीप वा स्थानीय कच्चा पदार्थ एंव स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित उद्यमी ।

(ङ) साना तथा मझौला ब्यवसाय तथा उद्यम ।

(च) बिगतमा उद्यम संचालन गरेका तर हाल बिबिध कारणले उधम बन्द गरि बसेका उद्यमी |

(छ) कार्यक्रम कार्यान्वयनबाट उत्पादित वस्तु प्रशोधन तथा विक्रि गर्ने र दक्ष वा अर्ध-दक्ष जनशक्तिलाई रोजगारी दिने सम्भावना भएका पच्चीस करोड रुपैयासम्म स्थिर पुँजी भएका उद्योग ।

## परिच्छेद-३

## कार्यक्रमको विषयगत क्षेत्र, कार्यान्वयन पद्धति

६. **विषयगत क्षेत्र र प्रकृति :** (१) यस कार्यक्रम अन्तर्गत आयोजना तर्जुमा र कार्यान्वयन गर्दा कृषि, बन, उद्योग, पर्यटन र सेवा क्षेत्रलाई प्राथमिकता दिई लगानीमा सहजीकरण गर्न त्यस्ता क्षेत्रवाट उत्पादन हुने बस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय बमोजिम बर्गीकरण गरिनेछ:

(क) उत्पादनमूलक उद्यम

(ख) ब्यवसायमूलक उद्यम

(ग) सेवामुलक उद्यम

(घ) एकीकृत उद्यम

(२) उपदफा (१) बमोजिमका क्षेत्रहरु अन्तर्गतका उपक्षेत्रहरु कार्यक्रम दस्तावेज बमोजिम हुनेछन् ।

(३) दफा ८ बमोजिमको निर्देशक समितिले संभावना र आवश्यकता अनुरुप कार्यक्रम दस्तावेजमा उल्लेख गरिएका क्षेत्र तथा उपक्षेत्र थपघट गर्न सक्नेछ ।

७. **कार्यक्रम कार्यान्वयन पद्धति :** (१) कार्यक्रम कार्यान्वयन पद्धति देहायबमोजिम हुनेछ:

(क) लक्षित व्यक्ति वा समूहलाई आर्थिक उन्नति तथा प्रदेश भित्र स्वरोजगार र रोजगार सृजना गर्नका लागि एकीकृत पद्धतिमा उद्यमी सिर्जना, वस्तु उत्पादन देखि बजारसम्मको पहुँचलाई सुनिश्चित गर्ने गरी कार्यक्रम कार्यान्वयन गरिने छ ।

(ख) कार्यक्रमका लक्षित समुदायलाई उद्यमशील सोच विकास, व्यवसायिक सचेतना, व्यवसायिक योजना तयारी, आर्थिक व्यवस्थापन लगायतका बिषयहरुमा वित्तीय साक्षरता कार्यक्रम र व्यवसायिक योजना तयार गर्न सहयोग गरिनेछ ।

(ग) उत्पादन, उत्पादकत्व वृद्धि र सेवा विस्तार गर्न प्राविधिक सीप बिकास तालिम, प्रविधि हस्तान्तरण, प्राविधिक सहयोग र वित्तीय पहुँच बिस्तारमा सहजीकरण गरिनेछ।

(घ) उत्पादनलाई बजार प्रतिस्पर्धी बनाउन लेवलिङ, प्याकेजिङ ब्राण्डिङ, खाद्य अनुज्ञा र बजारीकरणको मूल्य श्रृंखलामा आवद्ध गरिनेछ।

(ङ) नविनतम प्रविधि, विज्ञ जनशक्तिका साथै कार्यक्रम संचालनमा साझेदारी गर्न विकासका साझेदार संस्थासँग सहकार्य र समन्वय गरिनेछ ।

(च) आयोजना प्रस्तावमा दफा ५ बमोजिमका लक्षित समूह पहिचान गर्ने र प्राथमिक लक्षित समूहको लागि आयोजना पहिचान गर्दा समुदायको चाहना र क्षमता, उत्पादन र बजारको संभावनाका आधारमा नयाँ समूह गठन वा भैरहेका समूह वा उत्पादनमूलक सहकारीलाई परिचालन गरी "एक गाउँ- एक उत्पादन" हुने गरी सामुदायिक समूह (क्लष्टर) बनाएर आयोजनाको प्याकेज बनाउनु पर्नेछ ।

(२) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सहुलियत ब्याजदरमा कर्जा प्रवाहको लागि "क" वर्गका वैकहरु सँग सझौता गरी सहजीकरण गर्नेछ । यस सम्वन्धी अन्य व्यवस्था बैकसँगको सम्झौता अनुरुप हुनेछ ।

(३) द्धितीय लक्षित समूहको हकमा स्थानीय उत्पादन र थप रोजगार सृजना गर्ने अवसर भएका उद्यमी व्यवसायलाई सहुलियत व्याज दरमा वित्तीय पहुँचमा सहजीकरण गर्नुका साथै नविनतम् प्रविधिमा साझेदारी गर्न सकिनेछ ।

(४) तीनै तहका सरकार बिच समन्वय गरी कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

## परिच्छेद-४

## संरचनागत व्यवस्था र जिम्मेवारी

८. **निर्देशक समिति :** (१) कार्यक्रमको नीतिगत व्यवस्था, निकायगत जिम्मेवारी तथा समन्वय र विकासका साझेदार संस्था विच सहकार्यका विषय सहित समग्र मार्गनिर्देशनका लागि देहायका सदस्यहरु रहने गरी एक निर्देशक समिति रहनेछः

(क) मुख्यमन्त्री — संयोजक

(ख) मन्त्रीहरु (अर्थ, कृषि, बन र उद्योग सम्वद्ध) — सदस्य

(ग) उपाध्यक्ष, प्रदेश योजना आयोग — सदस्य

(घ) प्रमुख सचिव, प्रदेश सरकार — सदस्य

(ङ) कार्यक्रम हेर्ने प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको निर्देशक समितिको वैठकमा आवश्यकतानुसार सम्वन्धित मन्त्रालयका सचिव एवं अन्य पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) निर्देशक समितिको बैठक आवश्यकता अनुसार वस्नेछ ।

(४) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक कार्यविधि,मापदण्ड, कार्ययोजना र बजेट स्वीकृत गर्ने ।

(ख) विषयगत मन्त्रालय अन्तर्गत पर्ने विषयगत क्षेत्रमा प्रभावकारी कार्यान्वयनको लागि आवश्यक निर्देशन दिने ।

(ग) कार्यक्रमका लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तीय व्यवस्थापनका लागि संघ, स्थानीय तह र विकासका साझेदार संस्थासँग सहकार्य र समन्वय गर्ने ।

(घ) कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्ने ।

९. **कार्यक्रम समन्वय इकाइ :** (१)कार्यक्रमको समन्वयका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रदेश सचिवको नेतृत्वमा कार्यक्रम समन्वय इकाइ रहनेछ ।

(२) उपदफा (१) बमोजिमको इकाइको लागि आवश्यक जनशक्ति कार्यालयले विद्यमान जनशक्तिबाट ब्यवस्थापन गर्नेछ र आवश्यकता अनुसार बिज्ञको सेवा लिन सक्नेछ।

(३) कार्यक्रम समन्वय इकाइको काम कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछ ।

(क) प्रदेश योजना आयोगबाट प्राप्त आयोजनालाई स्वीकृतिका लागि निर्देशक समितिमा पेश गर्ने ।

(ख) प्रदेश योजना आयोगबाट प्राप्त एकीकृत प्रगति प्रतिवेदनलाई निर्देशक समितिमा छलफलका लागि पेश गर्ने ।

(ग) मन्त्रालयका कार्यक्रम सहजीकरण इकाइलाई सम्भाव्य मुख्य क्षेत्र/उपक्षेत्र पहिचान र विश्लेषणमा सहजीकरण गर्ने ।

(घ) विभिन्न मन्त्रालयसँग सम्बन्धित आयोजनाका सम्वन्धमा मन्त्रालय र विभिन्न निकाय वा सरोकारवाला बीच समन्वय गर्ने ।

(ङ) यस कार्यक्रमसँग सम्वन्धित आयोजना संचालन गर्ने सरोकारवालासँग समन्वय गरी सहकार्य बढाउने ।

(च) निर्देशक समितिका निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(छ) आयोजनाको अनुगमन, पृष्ठपोषण र प्रतिवेदन प्रकाशन गर्ने ।

१०. **प्रदेश योजना आयोग** : प्रदेश योजना आयोगले यस कार्यक्रमको कार्यान्वयनमा देहाय बमोजिमको कार्य गर्नेछः

(क) सम्भाव्य मुख्य क्षेत्र/उपक्षेत्रहरु पहिचान र विश्लेषणमा विषयगत मन्त्रालयलाई सहजीकरण गर्ने ।

(ख) कार्यक्रम सहजिकरण इकाइ सँग समन्वय गरी कार्यक्रम कार्यान्वयनको वार्षिक कार्य योजना तयार गर्ने ।

(ग) उत्पादन वा सेवाको मूल्यश्रृंखला, प्रविधि सम्बन्धी अनुसन्धान तथा अनुभव आदान- प्रदान गर्ने ।

(घ) रोजगारी पोर्टल लगायतका सूचना प्रणाली तथा डेटाबेस तयार गर्ने ।

(ङ) विकासका साझेदार सस्थासँग समन्वय गर्ने ।

(च) यस कार्यक्रम अन्तर्गतका आयोजाहरु प्रदेश आवधिक योजनाको उदेश्य र प्रतिफलसँग तालमेल भए नभएको सुनिश्चितता गर्ने ।

(छ) प्राविधिक सहायता प्राप्त गर्न विज्ञको आवश्यकता पहिचान, कार्य विवरण तयारी र व्यवस्थापन गर्ने ।

(ज) कार्यक्रम सहजीकरण इकाइले पेश गरेको त्रैमासिक/बार्षिक प्रगति प्रतिवेदनलाई एकीकृत गरी कार्यक्रम समन्वय इकाइमा पठाउने ।

(झ) कार्यक्रमको आवश्यकतानुसार अनुगमन गरी पृष्ठपोषण दिने र प्रतिवेदन पेश गर्ने।

११. **कार्यक्रम सहजीकरण इकाइ :** (१) प्रदेश मन्त्रालयका सचिवको नेतृत्वमा कार्यक्रम सहजीकरण इकाइ रहनेछ ।

(२) उपदफा (१) बमोजिमको इकाइको लागि आवश्यक जनशक्ति मन्त्रालयले विद्यमान जनशक्तिबाट ब्यवस्थापन गर्नेछन र यस इकाइका लागि थप बिज्ञ जनशक्ति आवश्यक भएमा कार्यक्रमबाट व्यवस्था गर्नुपर्नेछ ।

(३) कार्यक्रम सहजीकरण इकाइको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सम्भाव्य मुख्य क्षेत्र/ उप-क्षेत्र र स्थानको पहिचान गर्ने ।

(ख) कार्यक्रम कार्यान्वयन इकाइबाट प्राप्त प्रस्तावको विश्लेषण गरी प्रदेश योजना आयोगको सचिवालयमा पेश गर्ने ।

(ग) प्राप्त आयोजना अन्य निकायबाट सञ्चालन हुने आयोजना सँग दोहोरोपना नहुने सुनिश्चितता गर्ने ।

(घ) कार्यक्रम कार्यान्वयन इकाइलाई प्राविधिक सहयोग उपलब्ध गराउने ।

(ङ) प्रदेशमा उत्पादित बस्तुहरुको बजारीकरण र ब्रान्डिङका लागि व्यवस्था मिलाउने ।

(च) कार्यक्रमको उपलब्धिमूलक कार्यान्वयनका लागि निरन्तर समन्वय, सहजीकरण र पृष्ठपोषण प्रदान गर्ने ।

(छ) आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि नियमित रुपमा कार्यान्वयन इकाइलाई आवश्यक निर्देशन दिने ।

(ज) कार्यक्रमको सुपरिवेक्षण गरी देखिएका समस्या समाधान गर्ने र कार्य प्रभावकारिताका लागि आवश्यक उपाय सहितको प्रतिबेदन प्रत्येक महिनाको ५ गते भित्र कार्यक्रम समन्वय इकाइमा पठाउने ।

१२. **कार्यक्रम कार्यान्वयन इकाइ :** (१) प्रदेश मन्त्रालय अन्तर्गतका परिषद्, प्रतिष्ठान, तालिम केन्द्र, डिभिजन तथा जिल्ला कार्यालयलले कार्यक्रम कार्यान्वयन इकाइको रुपमा कार्य गर्नेछन ।

(२) उपदफा (१) बमोजिमको इकाइको प्रमुख सम्वन्धित कार्यालयको प्रमुख हुनेछ र इकाइको लागि आवश्यक जनशक्ति कार्यालयले विद्यमान जनशक्तिबाट ब्यवस्थापन गर्नेछन। कार्यक्रम कार्यान्वयनका लागि प्राविधिक जनशक्ति आवश्यक भएमा यस कार्यक्रमबाट दफा १५ बमोजिमका प्रविधिक समूह उपलब्ध गराइनेछ ।

(३) कार्यक्रम कार्यान्वयन इकाइको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सम्भाव्य मुख्य बिषयगत क्षेत्रको पहिचान गरी सूची तयार गर्ने र कार्यक्रम सहजीकरण इकाइमा पठाउने।

(ख) सम्भाव्य मुख्य विषगत क्षेत्रवाट अपेक्षित उत्पादन, ब्यक्ति/ परिवार/समूहको आयआर्जनमा पर्ने प्रभाव, थप रोजगारी सृजना, देखापरेका चुनौती र अवसर सम्बन्धि सर्वेक्षण गरी विषयगत मन्त्रालयमा पेश गर्ने ।

(ग) स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने ।

(घ) उत्पादन वा सेवाको मूल्यश्रृंखलाका प्रत्येक क्रियाकलापको प्रभावकारी र दक्षतापूर्वक समन्वयात्मक कार्यान्वयन गर्ने ।

(ङ) लक्षित समूहका व्यक्ति, परिवार, समूह वा उद्यम ब्यवसायिलाई सहजीकरण गर्ने।

(च) कार्यक्रम कार्यान्वयनको निरन्तर स्थलगत अनुगमन गरी समस्या समाधान गर्ने र यस इकाइवाट समाधान हुन नसकेका समस्याहरु कार्यक्रम सहजीकरण इकाइमा पठाउने ।

(छ) कार्यक्रमको सुपरिवेक्षण गरी देखिएका समस्या समाधान गर्ने र कार्य प्रभावकारिताका लागि आवश्यक उपाय सहितको प्रतिबेदन प्रत्येक महिनाको ५ गते भित्र कार्यक्रम समन्वय इकाइमा पठाउने ।

१३. **स्थानीय तह :** (१) यस कार्यक्रमको कार्यान्वयनमा स्थानीय तहको भुमिका देहायबमोजिम हुनेछः

(क) लक्षित वर्ग छनोट प्रक्रियामा उधम प्रबर्धन परिचालकलाई स्थानीय तहका वडा कार्यालयले सहयोग र समन्वय गर्ने ।

(ख) कार्यक्रम लागु भएको क्षेत्रहरुमा स्थानीय तहले थप उत्पादन र रोजगार वृद्धि गर्न प्रदेशसँगको सहलगानीमा कार्यक्रम संचालन गर्न सहकार्य गर्ने ।

(ग) कार्यक्रम कार्यान्वयनमा आवश्यकतानुसार सहजीकरण गर्ने।

(घ) यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहको अनुगमन समिति तथा वडा कार्यलयले अनुगमन तथा नियमन गर्नेछन ।

(२) कुनै पनि स्थानीय तहले सहलगानीमा कार्यक्रम सञ्चालन गर्न चाहेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रस्ताव आव्हान गरेबमोजिम सहलगानीको प्रस्ताव पेश गर्नुपर्नेछ । सो सम्वन्धी अन्य व्यवस्था दफा १६ को उपदफा (२) बमोजिम हुनेछ ।

**१४. जिल्ला अनुगमन तथा समन्वय समिति :** (१) स्थानीय स्तरमा संचालन हुने आयोजनाको सहजीकरण, अनुगमन तथा समन्वय गर्न देहायबमोजिमको समिति रहनेछ :

| | | |
|---|---|---|
| (क) | जिल्ला समन्वय समिति प्रमुख | संयोजक |
| (ख) | सम्बन्धित स्थानीय तहका प्रमुख/उपप्रमुख | सदस्य |
| (ग) | सम्बन्धित कार्यालयका प्रमुख | सदस्य |
| (घ) | जिल्ला स्थित कृषि, वन, पर्यटन तथा उद्यमी समूहको एक महिला सहित दुई जना प्रतिनिधी | सदस्य |
| (ङ) | जिल्ला स्थित घरेलु उद्योग महासंघ | सदस्य |
| (च) | जिल्ला गैर सरकारी संस्था महासंघ प्रतिनिधि | सदस्य |
| (छ) | जिल्ला संयोजक | सदस्य |
| (ज) | जिल्ला समन्वय अधिकृत | सदस्य सचिव |

(२) समितिमा जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्यलाई आमन्त्रित रुपमा बैठकमा आमन्त्रण गर्नुपर्नेछ ।

(३) समितिमा कार्यक्रमको कार्यक्षेत्र भित्र पर्ने गरी कार्य गरेका विज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(४) जिल्ला अनुगमन तथा समन्वय समितिको काम कर्तब्य र अधिकार देहायबमोजिमको हुनेछ :

(क) लक्षित समूहको पहिचान तथा आयोजनाको पहिचान गर्ने कार्यमा आवश्यक सहजीकरण र समन्वय गराउनेछ ।

(ख) अनुगमन गरी समस्या समाधानमा समन्वय र सहयोग गर्ने ।

(ग) आयोजनालाई थप प्रभावकारी बनाउन प्रदेश योजना आयोग तथा कार्यक्रम समन्वय इकाइमा आवश्यक सुझाव प्रदान गर्ने ।

(घ) स्थानीय तहसँगको सहलगानीमा दफा १६ को उपदफा (२) बमोजिम संचालन हुने आयोजना कार्यान्वयनमा सहजीकरण गर्ने।

(ङ) जिल्लाका प्रदेश सभाका सदस्यहरु समेतको सहभागितामा आयोजनाको त्रैमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन कार्यक्रम समन्वय इकाइ र प्रदेश योजना आयोगमा पठाउनु पर्नेछ ।

१५. **विज्ञ समूह र प्राविधिक समूह :** (१) प्रदेश योजना आयोगको सचिवालय मातहत रहने गरी विज्ञ समूह रहनेछ र कार्यक्रम सहजीकरण इकाइ तथा कार्यान्वयन इकाइमा प्राविधिक समूह रहनेछ ।

(२) प्रदेश योजना आयोगले मन्त्रालयसँग समन्वय गरी कार्यक्रमसँग सम्वद्ध इकाइलाई आवश्यक पर्ने विज्ञ र प्राविधिक समूह यकिन गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट स्वीकृति गराउनु पर्नेछ ।

(३) विज्ञ र प्राविधिक समूह आवश्यकता अनुसार करारमा वा विकासका साझेदार संस्थासँगको सहकार्यमा सम्झौता गरी परिचालन गरिनेछ ।

(४) प्रदेश योजना आयोगको सचिवालय मातहतमा रहने विज्ञ समूहलाई आवश्यकता अनुसार कार्यक्रम सम्बद्ध इकाइहरुमा परिचालन गरिनेछ ।

(५) जिल्ला संयोजक, उद्यम प्रवर्धन परिचालक, कृषि तथा पशु प्राविधिक लगायतका प्राविधिक समूहलाई कार्यक्रम कार्यान्वयनको क्षेत्र विस्तार भएसंगै आवश्यकता अनुरुप स्थानीय तह वा समुदाय स्तरमा परिचालन गरिनेछ।

(६) प्रदेश योजना आयोगमा रहने विज्ञ समूहका प्राविधिकको कार्य-शर्त प्रदेश योजना आयोगले तोके बमोजिम र सम्वन्धित इकाइमा रहने प्राविधिकको कार्य-शर्त सम्बन्धित इकाइले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद-५

## आयोजना छनोट र स्वीकृति

१६. **आयोजना छनोट तथा स्वीकृति :** (१) यस कार्यविधि अन्तर्गतका आयोजना छनोट तथा कार्यान्वयन गर्दा स्रोत साधनको उच्चतम प्रयोग, प्रतिफलयुक्त तथा स्थानीय जनताको जीवनस्तर उकास्ने पक्ष दृष्टिगत गरी कार्यक्रम कार्यान्वयन इकाइबाट संचालन हुने आयोजनाको छनोट र स्वीकृति प्रकृया देहायबमोजिम हुनेछ :

(क) कार्यक्रम कार्यान्वयन इकाइले कार्यक्रम दस्तावेजमा उल्लेख भएका सम्भाव्य क्षेत्र र उपक्षेत्र भित्रबाट उत्पादन र उत्पादकत्व बृद्धि हुने, समुदायको आय आर्जनमा थप सकारात्मक प्रभाव पर्ने, थप रोजगारी सृजना हुने, आयोजनाको लाभ—लागत विश्लेषण गरी लागत अनुमान सहित अनुसूची १ बमोजिमको फाराम भरी आयोजनाको विवरण तोकिएको मिति भित्र कार्यक्रम सहजीकरण इकाइमा पेश गर्नुपर्नेछ ।

तर आयोजना प्रस्ताव वा छनोट गर्दा बचत तथा ऋण सहकारी संस्था र ठूला पुर्वाधार क्षेत्रका आयोजना समावेश गर्न सकिने छैन ।

स्पष्टीकरण: ठूला पुर्वाधार क्षेत्रका आयोजना भन्नाले कार्यक्रम दस्तावेजमा समावेश नभएका र रु. पचास लाख भन्दा माथिका आयोजना पर्नेछ ।

(ख) कार्यक्रम कार्यान्वयन इकाइले आयोजना सिफारिस गर्दा कार्यक्रमको लक्ष्य र उद्देश्य बमोजिम हुनेगरी अनुसूची २ मा उल्लिखित सूचकका आधारमा विश्लेषणात्मक प्रतिवेदन तयार गर्नुपर्नेछ ।साथै स्थानीय तह, अन्य निकाय वा संस्थाबाट एउटै समुदायमा उस्तै प्रकारको आयोजना संचालन हुने भए समन्वय गरेर मात्र कार्यक्रम सहजीकरण इकाइमा तोकिएको मिति भित्र पेश गर्नुपर्नेछ ।

(ग) कार्यक्रम कार्यान्वयन इकाइबाट खण्ड (ख) बमोजिम प्राप्त आयोजनाको विवरण कार्यक्रम सहजीकरण इकाइले आवश्यक विश्लेषण गरी उपयुक्त आयोजना प्रदेश योजना आयोगमा सिफारिस सहित तोकिएको मिति भित्र पेश गर्नुपर्नेछ । यसरी आयोजना सिफारिस गर्दा विकासका साझेदार संस्थासँग समन्वय गरी दोहोरोपना नआउने सुनिश्चित गर्नुपर्नेछ।

(घ) प्रदेश योजना आयोगले विज्ञ समूहको सहयोगमा बजारको सम्भावना, आवधिक योजनाका उदेश्य र दिगो विकासका लक्ष्य सँगको तादम्यता र कार्यक्रमको उद्देश्यलाई योगदान पुर्याउने आयोजना प्राथमिकीकरण गरी कार्यान्वयन गर्न उपयुक्त आयोजना र सोको सारांश विवरण कार्यक्रम समन्वय इकाइमा तोकिएको मिति भित्र पठाउनु पर्नेछ।

(ङ) कार्यक्रम समन्वय इकाइले प्रदेश योजना आयोगबाट प्राप्त आयोजना यस कार्यविधिको व्यवस्था बमोजिम हुनेगरी सिफारिस सहित स्वीकृतिका लागि निर्देशक समितिमा तोकिएको मिति भित्र पेश गर्नुपर्नेछ ।

(च) कार्यक्रम समन्वय इकाइले आयोजना स्वीकृतिका लागि निर्देशक समितिमा पेश गर्दा बार्षिक बजेट सीमाभित्र रही तोकिएको मिति भित्र पेश गर्नुपर्नेछ ।

(छ) यस कार्यक्रम अन्तर्गत संचालन हुने आयोजना वार्षिक विकास कार्यक्रममा समावेश गर्न माथि उल्लिखित प्रक्रिया पुरा गरी निर्देशक समितिबाट स्वीकृत भएका आयोजना सम्वन्धित मन्त्रालयले प्रदेशगत वजेट सूचना प्रणाली (पीएलएमविआईएस) मा प्रविष्ट गर्नुपर्नेछ ।

तर चालु आ.व. २०८०।०८१ को लागि कार्यक्रम दस्तावेजको अनुसूचीमा समावेश गरिएका आयोजना सम्वन्धित मन्त्रालयले प्रदेशगत वजेट सूचना प्रणाली (पीएलएमविआईएस) मा प्रविष्ट गर्नुपर्नेछ ।

(ज) निर्देशक समितिबाट स्वीकृत भएका आयोजना एक हप्ताभित्र कार्यक्रम समन्वय इकाइले कार्यान्वयनका लागि कार्यक्रम सहजीकरण इकाइमा पठाउनु पर्नेछ।

(झ) स्वीकृत गरिएका आयोजना कार्यक्रम कार्यान्वयन इकाइबाट कार्यान्वयन हुनेछ ।

(ञ) एक पटक निर्देशक समितिबाट स्वीकृत गरिएका आयोजना संशोधन र थपघट गर्न पाइने छैन।

तर स्वीकृत आयोजना वा कार्यक्रमको संशोधन वा रकमान्तर गर्न आवश्यक भएमा अर्थ मन्त्रालयको राय लिई अधिकार प्राप्त अधिकारी समक्ष निर्णयका लागि पेश गर्नुपर्नेछ ।

(२) निर्देशक समितिको निर्णय बमोजिम स्वीकृत बजेट सीमाभित्र रही स्थानीय तह मार्फत देहायबमोजिम आयोजना कार्यान्वयन गर्न सकिनेछ:

(क) प्रदेश योजना आयोगको सचिवालयले पन्ध्र दिनको समय दिई राष्ट्रिय पत्रिका तथा वेबसाइट मार्फत प्रस्ताव आव्हान गर्नेछ । यसरी प्रस्ताव आब्हान गर्दा प्रस्ताव मूल्यांकन गर्ने आधार र मूल्यांकन गर्ने समय सीमा समेत स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ ।

(ख) खण्ड (क) वमोजिम प्राप्त भएका प्रस्तावको मूल्यांकन कार्यक्रम दस्तावेजमा उल्लिखित मूल्यांकनका आधारबमोजिम हुनेछ ।

(ग) गाउँपालिका, नगरपालिका वा उपमहानगरपालिकाले क्रमश कम्तिमा तीस, चालिस र पचास प्रतिशत लागत साझेदारी सुनिश्चित हुने गरी अनुसूची—३ को ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

## परिच्छेद-६

## कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन, प्रतिवेदन, सूचना ब्यवस्थापन र पारदर्शिता

१७. **अनुगमन तथा मुल्यांकन:** (१) कार्यक्रमको नियमित सुपरिवेक्षण तथा सहजीकरण कार्यक्रम कार्यान्वयन इकाइले गर्नुपर्नेछ ।

(२) जिल्ला स्तरमा गठित अनुगमन तथा समन्वय समितिले जिल्लास्तरमा कार्यान्वयन भएका कार्यक्रमको अनुगमन र स्थानीय स्तरका समस्या स्थलगत रुपमा समाधान गर्नुपर्नेछ।

(३) कार्यक्रम सहजीकरण इकाइले जिल्ला तथा स्थानीय स्तरमा आयोजना कार्यान्वयन अवस्थाको नियमित रेखदेख र अनुगमन गरी मासिक मूल्यांकन प्रतिवेदन प्रकाशन गर्नुपर्नेछ ।

(४) प्रदेश योजना आयोगले आयोजनाको अनुगमन गरी मूल्यांकन सहित प्रतिवेदन प्रकाशन गर्नुपर्नेछ ।

(५) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यकता अनुसार सञ्चालित कार्यक्रम वा आयोजनाको अनुगमन गर्नेछ।

१८. **प्रतिवेदन**: (१) कार्यक्रम कार्यान्वयन इकाइले आफ्नो क्षेत्रमा सञ्चालित कार्यक्रमको कार्यान्वयन प्रगति अवस्थाको मासिक प्रतिवेदन प्रत्येक महिनाको पाँच गते भित्र कार्यान्वयन सहजीकरण इकाइमा पठाउनु पर्नेछ र प्रगति प्रकाशन गर्नुपर्नेछ ।

(२) कार्यक्रम सहजीकरण इकाइले मासिक प्रतिवेदन कार्यक्रम समन्वय इकाइ र प्रदेश योजना आयोगमा प्रत्येक महिनाको सात गते भित्र पठाउनु पर्नेछ।

(३) सबै इकाइले प्रचलित कानूनबमोजिम त्रैमासिक समीक्षात्मक प्रतिवेदन तयार गरी तालुक निकायमा पठाई प्रकाशन समेत गर्नुपर्नेछ ।

(४) कार्यक्रम समन्वय इकाइले सहजीकरण इकाइ, कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तह वा अन्य निकायबाट प्राप्त मासिक प्रतिवेदन र अन्य आवश्यकता अनुसारको प्रतिवेदन समेतको आधारमा वार्षिक प्रतिवेदन तयार गर्नेछ ।

(५) कार्यक्रमको प्रतिवेदन प्राप्ति तथा संप्रेषण प्रयोजनका लागि प्रदेश योजना आयोगको सचिवालयले तयार गरेको वेभसाइटमा आयोजनागत तथ्यांक तथा विवरण समेत प्रविष्ट गर्नुपर्नेछ ।

१९. **सूचना व्यवस्थापन :** (१) प्रदेश योजना आयोगको सचिवालयले यस कार्यक्रमको समग्र व्यवस्थापन तथा प्रगति अनुगमन गर्ने अनलाइन प्रणाली विकास गर्नेछ ।

(२) कार्यक्रम सम्बन्धी सूचना तथा उपलब्धि नियमित रुपमा सबै इकाइ तथा निकायले वेभसाइट मा मार्फत प्रकाशन गर्नुपर्नेछ ।

(३) यस कार्यक्रमले विद्यमान रोजगार पोर्टल **www.rojgar.lumbini.gov.np** लाई सूचना सङ्कलन र प्रसारको लागि उपयोग गर्नेछ।

२०. **पारदर्शिता र जवाफदेहिता :** कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि पारदर्शिता र जवाफदेहिता कायम गर्न देहायबमोजिमका कार्य गरिनेछ:

(क) पारदर्शिता तथा जवाफदेहिता कायम गर्न र आयोजनाको बारेमा सबैलाई जानकारी गराउने उद्देश्यले कार्यक्रम कार्यान्वयन इकाइले कार्यक्रम स्थलमा सूचना पार्टी राख्नु पर्नेछ र स्थानीय संचार माध्यमबाट सूचना प्रवाह समेत गर्नु पर्नेछ ।

(ख) कार्यक्रम कार्यान्वयन इकाइले बर्षको कम्तिमा एक पटक सरोकारवालालाई सहभागि गराई सार्वजनिक सुनुवाई गर्नेछ।

(ग) यस कार्यक्रमले दिने सेवाको वारेमा र समय-समयमा प्रकाशन गर्ने सूचना मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेभसाइटमा र बिषयगत मन्त्रालयका प्रदेश तथा जिल्ला स्थित कार्यालयको वेभ-सूचना पाटीमा राखिने छ ।

(घ) कार्यक्रम सम्वन्धमा कुनै पनि गुनासो भएमा कार्यान्वयन गर्ने प्रत्येक निकायको सम्पर्क फोन नम्वर वा इमेलमा गुनासो पेश गर्न सक्ने व्यवस्था मिलाउनु पर्नेछ ।यसरी प्राप्त गुनासो कार्यान्वयन गर्ने निकायले समाधान गर्न नसकेमा माथिल्लो तहमा पेश गर्नु पर्नेछ र सो गुनासोको सम्वोधन गरी जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद-७

## बजेट, लेखापालन, लेखापरीक्षण र कार्यक्रमको वित्तीय नियन्त्रण

२१. **बजेट माग :** (१) निर्देशक समितिले स्वीकृत गरेका आयोजनाका लागि सम्वन्धित कार्यक्रम सहजीकरण इकाइले कार्यक्रम समन्वय इकाइमा लागत विवरण सहित एकमुष्ठ रकम माग गर्नुपर्नेछ ।

(२) यस कार्यक्रम र यस कार्यविधि बमोजिम प्रक्रिया पुरा गरी स्वीकृत आयोजना प्रदेशको अर्थ मन्त्रालयको सहमति लिई प्रदेश मन्त्रालय तथा मातहत अन्तर्गत निकाय वा कार्यालय र प्रदेश

अन्तर्गतका आयोग, परिषद् आदिको हकमा बजेट अख्तियारी र आयोजना कार्यान्वयन गर्ने स्थानीय तहलाई सशर्त अनुदान प्रदान गरिनेछ ।

(३) कार्यक्रम सम्बद्ध इकाइ वा निकायले यसरी प्राप्त रकमको प्रचलित कानून अनुसार खर्च गर्ने, लेखा राख्ने, खर्च गर्ने र लेखापरीक्षण गरी सोको प्रतिवेदन कार्यक्रम समन्वय इकाइमा समेत पठाउनु पर्नेछ ।

(४) कार्यक्रम कार्यान्वयन गर्ने निकायले आयोजनाको बारेमा सरोकारवाला बीच जानकारी गराउने, लेखाजोखा गर्ने तथा मूल्यांकन गराउने उद्देश्यका साथ अन्तिम भुक्तानी पूर्व सार्वजनिक परीक्षण प्रतिवेदन समेत समावेश गर्नुपर्नेछ ।

(५) कार्यक्रम समन्वय इकाइले आवश्यकता अनुसार विभिन्न मापदण्ड र फारामहरु निर्धारण गर्न सक्नेछ। यस प्रकारको मापदण्ड र फारामहरुको प्रयोग यस कार्यबिधि र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निर्धारण गरेबमोजिम हुनेछ ।

२२. **साझेदारीमा कार्यक्रम संचालनको व्यवस्था :** रोजगारीमूलक उत्पादनशील क्षेत्रमा लगानी गरी आर्थिक विकास गर्न संघीय सरकार, स्थानीय तह, विकासका साझेदार संस्थासँग सहकार्य, सहलगानी र लागत साझेदारीमा आर्थिक विकासका मोडेल बनाउन वा विस्तार गर्न लुम्बिनी आर्थिक विकास साझेदारी बजेट (पार्टनरसिप फण्ड) व्यवस्था गरिनेछ।

२३. **कानूनबमोजिम हुने :** यस कार्यक्रम कार्यान्वयनका लागि यस कार्यविधिमा व्यवस्था भएका प्रावधान बाहेकका विषयमा प्रचलित कानून तथा सार्वजनिक खर्चसम्बन्धी मापदण्डबमोजिम हुनेछ ।

# अनुसूची १

(कार्यविधिको दफा १६ उपदफा १ (क) संग सम्वन्धित)

## आयोजना कार्यान्वयन इकाइले आयोजना पेश गर्ने फाराम

लुम्बिनी प्रदेश सरकार

मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम

कार्यक्रम अवयवहरूको क्रियाकलाप प्राथिमिकिकरण, कार्यन्वन मोडालिटी एवं लागत तथा श्रोत अनुमान

क्षेत्रः आ.वः..

उपक्षेत्रः

प्राथिमिकिकरणः

कार्यक्रम कार्यान्वयन गरिने क्षेत्रः जिल्लाः पालिकाः वडाः

कार्यक्रमबाट लाभग्राही संख्याः रोजगारी श्रृजना हुनसक्ने घरधुरी संख्याः

कुल लागत रुः

अपेक्षित प्रतिफल १) २)

घरधुरीगत प्रस्तावित बार्षिक आम्दानीः रु अनुमानित कारोवार रु :

| क्रियाकलाप (कार्यक्रम कार्यान्वयनका लागि प्रदान गरिने सहयोगका किसिम) | इकाइ | परिमाण | पटक/दिन | प्रति इकाई लागत रु | कुल लागत अनुमान रु |
|---|---|---|---|---|---|
| १) उत्पादकत्व वृद्धिका/सेवा विस्तार लागि गरिने सहयोगः | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| २) मूल्य श्रृंखला विकासमा सहयोग | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| ३) सामाजिक परिचालन तथा क्षमता विकासः | | | | | |
| | | | | | |
| | | | | | |
| ४) अनुगमन मुल्याङ्कन तथा कार्यक्रम व्यवस्थापन खर्च | | | | | |
| ५) अन्य कार्यलय संचालन खर्च | | | | | |
| कुल जम्मा | | | | | |

कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय तथा संस्थाहरुः

कार्यक्रम कार्यान्वयनका लागि आवश्यक विज्ञ जनशक्तिको प्रकार र संख्याः

कार्यक्रम कार्यान्वयनका लागि आवश्यक
प्राविधिक जनशक्तिको प्रकार र संख्याः

हाल कार्यान्वयन निकायमा रहेका प्राविधिक
जनशक्तिको प्रकार र संख्याः

आवश्यक उद्यम प्रबर्धक परिचालकः

आवश्यक थप प्राविधिक जनशक्तिः

## अनुसूची २

**(कार्यविधिको दफा १६ उपदफा १ (ख) संग सम्वन्धित)**

**कार्यान्वयन इकाइले आयोजना छनोट गर्दा विश्लेषण गर्ने सूचकहरु ( आयोजना स्वकृतीका लागि पेश गर्ने फारामका साथ तपसिलका सूचकहरु बिश्लेषण गरेको प्रतिवेदन पेस गर्नुपर्नेछ )**

१. हाल उत्पादित बस्तु वा सेवा

२. हालको रोजगारी अवस्था

३. कार्यान्वयन गर्ने प्रस्तावित स्थान

४. प्रस्तावित लक्षित समुदाय

५. हाल भोगेका मुख्य समस्या

६. समस्या समाधानका उपाय

७. प्रस्तावित लगानीको क्षेत्र र उपक्षेत्र

८. प्रस्तावित आयोजनाका मुख्य क्रियाकलापहरु

९. कुल लागत ( साझेदारी हुने भए खुल्नेगरी )

१०. लगानीबाट थप हुने उत्पादन वा सेवा

११. थप रोजगरी सृजना

१२. कार्यान्वयनको मोडालिटी

१३. अन्य

## अनुसूची - ३

**(कार्यविधिको १६ को उपदफा २ (ग) संग सम्वन्धित)**

**स्थानीय तहले पेश गर्ने प्रस्तावको ढाँचा**

| | | | |
|---|---|---|---|
| स्थानीय तहको नामः | | सम्पर्क व्यक्तिको नामः | |
| जिल्लाः | | पदः | |
| सम्पर्क नंः | | सम्पर्क नंः | |
| ईमेलः | | ईमेलः | |

### १. आयोजना सम्बन्धी जानकारी

| | |
|---|---|
| आयोजनाको नामः | |
| आयोजना संचालन हुने स्थानः | |
| लाभान्वित हुने उधमी संख्या | |
| लाभान्वति समुदाय/लक्षित वर्ग | |
| आयोजनाको अवधिः | |
| हालको उत्पादन / बिक्रि र रोजगारीको अवस्थाः<br>प्रत्यक्ष रोजगारीः<br>अप्रत्यक्ष रोजगारीः | |
| हाल भोग्नु परेको अवस्थाः | |
| समस्या समाधानको उपायः | |
| आयोजनाको कूल लागतः | कूल लागतः<br>प्रदेश सरकार बाटः<br>स्थानीय सरकारबाटः<br>समुदायले व्यहोर्ने लागत वा अन्य समाग्री र लागतः |

| | |
|---|---|
| कार्यान्वयनको ढाचाँ/मोडालिटीः | |
| थप उत्पादन हुने संभावनाः | |
| थप बिक्रि वा आम्दानी हुने संभावनाः | |
| थप रोजगारी सृजना हुने घरधुरीको संख्याः | |
| दिगोपनाको सुनिश्चितताः | |

## २. कार्यक्रमको लागत विवरण

| |
|---|
| |

उल्लिखित अध्ययन गर्दा प्रस्तुत कार्यक्रम सम्भाव्य रहेको छ।

कार्यक्रमको समाप्तिपछि कार्यपालिकाको निर्णयानुसार कार्यक्रमको निरन्तरता र दिगोपनाका लागि गाउँपालिका/नगरपालिका/उपमहानगरपालिकाले बजेट लगायत अन्य आवश्यक व्यवस्था गरेको छ।

- कार्यपालिकाको निर्णय मितिः
- कार्यपालिकाको निर्णय संलग्न गर्नुपर्नेछ ।

अधिकारीको नामः

पदः

दस्तखतः

मितिः

कार्यालयको छाप :